Shaheed Smriti Peer Reviewed Journal Year: 10, No.: 7, 2021

**DOI: https://doi.org/10.3126/shaheedsmriti.v10i7.76624**

# भाषाशिक्षणमा शिक्षण सामग्री निर्माण र प्रयोग

**अशोककुमार आचार्य**

**शहीद स्मृति बहुमुखी क्याम्पस**

**लेखसार**

*प्रस्तुत लेख भाषाशिक्षणमा शिक्षण सामग्री निर्माण र प्रयोग शीर्षकमा आधारित छ । यस अन्तर्गत शिक्षण सामग्रीको परिचय, भाषाशिक्षणमा शिक्षण सामग्री, भाषा शिक्षणमा शिक्षण सामग्रीको उपयोगिता, भाषाशिक्षणमा प्रयोग गर्न सकिने सामग्री, तिनको प्रयोग र निर्माण तरिका, शिक्षण सामग्रीका प्रकार, मौखिक सामग्री, दृश्य सामग्री, श्रव्यदृश्य सामग्री, स्पर्श सामग्री आदिको विस्तृत चर्चा गरिएको छ । भाषाशिक्षणमा सामग्री भन्नाले के बुझिन्छ ? भाषाशिक्षणमा शिक्षण सामग्रीको के कस्तो उपयोगिता रहेको छ ? भाषाशिक्षणमा के कस्ता शिक्षण सामग्री प्रयोग गर्न सकिन्छ ? र त्यस्ता सामग्रीलाई के कसरी वर्गीकरण गर्न सकिन्छ ? तिनको प्रयोग के कसरी कहाँ कस्तो अवस्थाा गर्न सकिन्छ ? भाषाशिक्षणमा प्रयोग गरिने शिक्षण सामग्रीको निर्माण कसरी गर्न सकिन्छ ? भनी खोजीनिधी गरी प्रस्तुत गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत लेखमा भाषाशिक्षणमा प्रयोग हुने शिक्षण सामग्रीको चिनारी, भाषा शिक्षणमा तिनको उपयोगिता, भाषा शिक्षणमा प्रयोग हुने शिक्षण सामग्री तिनको प्रयोग क्षेत्र र निर्माण प्रक्रिया र ती शिक्षण सामग्रीहरूको वर्गीकरणलाई अत्यन्तै सूक्ष्म रूपमा व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । यस अध्ययनका क्रममा सामग्री सङ्कलनमा पुस्तकालय विधिको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ र सामग्रीहरू द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको छ । यस अध्ययनबाट भाषाशिक्षणमा शिक्षण सामग्रीको महत्वको बारेमा जानकारी प्राप्त भएको छ । प्रस्तुत अध्ययनबाट भाषा शिक्षण र शिक्षण सामग्रीको सम्बन्ध, उपयोगिता, प्रकार, प्रयोग र निर्माण प्रक्रियाका बारेमा अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी, अनुसन्धाता र प्रत्यक्ष अप्रत्यक्ष रूपमा यसको बारेमा जानकारी लिन चाहने जो कोहीलाई पनि सहयोग पुग्ने अपेक्षा राखिएको छ ।*

**प्रमुख शब्दावली:** *भाषा शिक्षण, शिक्षण सामग्री, फलाटिन पाटी, गोजी तालिका, सेतो पाटी,कालो पाटी, श्रव्य सामग्री, दृश्य सामग्री, श्रव्य- दृश्य सामग्री, मौखिक सामग्री*

## विषय प्रवेश

भाषा सिक्नु र सिकाउनु भनेको भाषिक कला वा सीप सिक्नु र सिकाउनु हो । भाषा आफैमा अमूर्त विषय भएकाले सिकाइमा पनि जटिलता सिर्जना हुनु स्वभाविकै हो । भाषा

जाने संसारै जानिन्छ अर्थात् भाषा जाने मात्र संसारका जुनसुकै व्यवहार र विषयवस्तुगत पक्षमा दक्ष हुन सकिन्छ । अझ भन्ने हो भने भाषाविना मानवीय अस्तित्व नै समाप्त हुन्छ । मानवीय जीवनमा भाषाले जति महत्व राख्दछ, शिक्षण सिकाइका सन्दर्भमा पनि भाषाले त्यत्तिकै महत्व राख्दछ । भाषा सीप वा कला पक्षसँग सम्बन्धित पक्ष हो । त्यसैले सिकारुलाई भाषा सिकाउनु भनेको बोध तथा अभिव्यक्ति क्षमताको विकास गराउनु हो । सुन्न, बोल्न, पढ्न, लेख्न, बुझ्न र सन्दर्भगत भाषा प्रयोग गर्न सक्ने सामर्थ्यको विकास गराउनु हो । भाषाका यी जटिलता र अमूर्ततालाई मध्यनजर गर्दै भाषालाई प्रभावकारी रूपमा सिक्न र सिकाउन, स्पष्ट धारणा बसाल्न शिक्षणका क्रममा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षष सामग्री शिक्षणका क्रममा पाठ्यक्रम र पाठ्यपुस्तक जस्ता अनिवार्य सामग्री त होइनन् तर पाठ्यक्रम र पाठ्यपुस्तकका माध्यमबाट सिकाउन खोजेका कुरालाई अत्यन्तै सरल र रोचक तरिकाले छिटो र स्पष्ट धारणा बसाली शिक्षण सिकाइलाई उद्देश्यमूलक, आकर्षक, उत्प्रेरक र चिरस्थायी बनाउनका लागि भने शिक्षण सामग्री अनिवार्य नै मानिन्छन् ।

“दृश्यबाटै सुदूर दृश्यको धारणा दिन, दृश्यबाटै अदृश्यको धारणा दिन र दृश्यबाटै विलयको धारणा दिनका लागि शिक्षण सामग्रीको प्रयोग गरिन्छ” (कोइराला : शिक्षक स्रोतपुस्तक २०७२ पृ.११५) । शिक्षण सामग्रीमा अदृश्य शक्ति रहन्छ जसले हजार शब्दमा व्यक्त गर्न र बुझ्न बुझाउन नसकिने कुरालाई एउटै सामग्रीले स्पष्ट पारिदिन्छ । भाषाका कयौँ अमूर्त कुरालाई मूर्त रूपमा व्यक्त गरिदिने काम शिक्षण सामग्रीले नै गरेको हुन्छ । शिक्षण सामग्रीको प्रयोगको सन्दर्भको चर्चालाई हेर्ने हो भने आदर्शवाद, प्रकृतिवाद, यथार्थवाद, प्रयोजनवाद, निर्माणवाद, विनिर्माणवाद जस्ता कयौँ वाद तथा व्यवहारवादी, संज्ञानवादी, जस्ता सिकाइ सिद्धान्तहरूले धेरै पहिलादेखि नै शिक्षण सामग्रीको प्रयोगमा जोड दिँदै आए । त्यस्तै भाषा शिक्षणका क्रममा विकसित विभिन्न विधि पद्धितिले पनि शिक्षण सामग्रीको प्रयोगका सन्दर्भमा यो वा त्यो रूपमा कुरा उठाउँदै आए तर शिक्षण सामग्री किन प्रयोग गर्ने ? कस्ता सामग्री प्रयोग गर्ने ? कसरी प्रयोग गर्ने भन्ने प्रश्नका जवाफ भने चित्तबुझ्दो तरिकाले अझैसम्म आउन सकेको देखिदैनन् । भाषा शिक्षणका सन्दर्भमा किन शिक्षण सामग्री प्रयोग गर्ने ? कस्ता सामग्रीको प्रयोग गर्ने ? र त्यस्ता सामग्रीको प्रयोग र निर्माण कसरी गर्न सकिन्छ भन्ने प्रश्नगत समस्यामा प्रस्तुत लेख केन्द्रित रहेको छ ।

## अध्ययन विधि

अनुसन्धानका गुणात्मक तथा परमाणात्मक अनुसन्धानमध्ये प्रस्तुत लेख गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । प्रस्तुत लेख तयार गर्ने क्रममा पुस्तकालयीय विधिका माध्यमद्वारा सामग्री सङ्कलन गरिएको छ । यस लेख तयार गर्ने क्रममा भाषा शिक्षण, शिक्षण सामग्री, शिक्षण सामग्रीका प्रकार, प्रयोग र निर्माण तरिका सम्बन्धी चर्चा गरिएका पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा भाषा शिक्षणमा शिक्षण सामग्री, तिनको उपयोगिता वा महŒव, शिक्षण सामग्रीका प्रकार, निर्माण र प्रयोगलाई क्रमिक रूपमा व्याख्या विश्लेषण र विवेचना गरिएको छ ।

**व्याख्या विश्लेषण**

प्रस्तुत अध्ययन भाषाशिक्षणमा शिक्षण सामग्री निर्माण र प्रयोग शीर्षकमा केन्द्रित रहेको छ । भाषाशिक्षण सिकाइलाई प्रभावकारी बनाउने सन्दर्भमा शिक्षण सामग्री निर्वैकल्पिक बनेर देखा पर्दछन् । यसै सन्दर्भमा यस अध्ययनमा शिक्षण सामग्रीको परिचय, भाषा शिक्षणमा शिक्षण सामग्रीको उपयोगिता, भाषा शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्री : निर्माण र प्रयोग र निष्कर्षलाई क्रमैसँग प्रस्तुत गरिएको छ ।

**भाषा शिक्षणमा शिक्षण सामग्री निर्माण र प्रयोग**

***शिक्षण सामग्रीको परिचय***

भाषिक सीपमा दक्ष बनाउनु भाषा शिक्षणको मूल उद्देश्य वा साध्य हो । उक्त साध्य वा भाषिक सीप र समझको विकासका लागि उपयोगी हुन सक्ने जुनसुकै सामग्रीलाई भाषा शिक्षणका शिक्षण सामग्री भनिन्छ अर्थात् भाषा शिक्षकले भाषा शिक्षणका क्रममा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । भाषा शिक्षणमा शिक्षण सामग्रीलाई जहिले पनि साधनका रूपमा उपयोग गरिएको हुन्छ । यस्ता शिक्षण सामग्रीले भाषिक उपलब्धि हासिल गर्न सहयोगी भूमिका निर्वाह गर्ने हुनाले शिक्षण सामग्रीलाई शिक्षण सहायक सामग्री पनि भनिन्छ । “भाषा शिक्षणमा शिक्षण सामग्रीको मूल प्रयोजन मूल विषय वा सामग्रीलाई सहयोग गरी शिक्षण सिकाइलाई सरल सहज तथा व्यवस्थित बनाउनु हो ” (भण्डारी र अन्य : भाषा शिक्षण २०६८ पृ.३०३) । त्यसैले भाषा शिक्षणलाई उद्देश्यमूलक, आकर्षक, रोचक र उत्प्रेरक बनाई भाषिक कलाको विकास गर्न उपयोग गर्न सकिने सबै प्रकारका सामग्रीहरूलाई शिक्षण सामग्री भनिन्छ । शैक्षणिक उद्देश्यहरू परिपूर्ति गर्ने क्रममा शिक्षकलाई कक्षामा अध्ययन अध्यापन गर्न स्पष्ट धारणा विकसित गराउन सहयोग पुऱ्याउने सबै किसिमका साधन तथा उपकरणहरूलाई शिक्षण सामग्री भनिन्छ । “कुनै पनि विषयवस्तुलाई रूचिकर, ज्ञानवर्द्धक, सरल, सरस, आकर्षक, मनोरञ्जनात्मक तथा प्रभावकारी ढङ्गले शिक्षण गर्न शिक्षण सामग्रीको अति आवश्यक हुन्छ” (शर्मा र पौडेल : नेपाली भाषा र साहित्य शिक्षण २०६७ पृ २७८ ) । पाठका जटिल अंशलाई सरल ढङ्गले बुझाउन, सिकाइ तत्परता र कक्षा सहभागिता बढाउन, अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न,कक्षालाई जीवन्तता प्रदान गर्न र शिक्षकको कार्यबोझ घटाउन प्रयोग गरिने सबै सामग्री शिक्षण सामग्री हुन् ।

भाषाशिक्षणका क्रममा शिक्षण सामग्रीको रूपमा मूल वा आधार सामग्री र सहयक सामग्री दुबैको प्रयोग गरिन्छ तापनि यहाँ सहायक सामग्रीलाई नै शिक्षण सामग्रीको रूपमा लिई चर्चा गरिएको छ । मूल वा आधार सामग्री भन्नाले पाठ्यक्रम अनुरूप तयार पारिएका सामग्री हुन् । पाठ्यक्रम र पाठ्यक्रम अनुरूप तयार पारिएका पाठ्यपुस्तक अनि पाठ्यक्रम अनुरूप छनोट गरिएका विभिन्न विषयवस्तुलाई आधार वा मूल सामग्री भनिन्छ । त्यस्तै मूल सामग्रीका अपेक्षालाई पूरा गर्न बेलाबेलामा सघाउन आउने पाठ्यक्रम र पाठ्यपुस्तक इतरका जति पनि सामग्री छन् ती सबै सामग्रीलाई सहायक सामग्री भनिन्छ जसलाई

आधार बनाएर भाषा सिक्ने सिकाउने गरिन्छ, ती मूल वा आधार सामग्री हुन् भने आधार सामग्रीका सामग्रीलाई अझ रोचक र प्रभावकारी रूपमा सिक्न सिकाउन उपयोग गरिने सामग्री शिक्षण सहायक सामग्री हुन् । मूल वा आधार सामग्री अनिवार्य हुन्छन् भने सहायक सामग्री ऐच्छिक हुन्छन् । मूल वा आधार सामग्री पाठ्यक्रमका सबै उद्देश्यसँग सम्बन्धित हुन्छन् भने सहायक सामग्री पाठ्यक्रमका खासखास उद्देश्यसँग मात्र सम्बन्धित हुन्छन् । वादविवाद शिक्षणका क्रममा उपयोग गरिएका शीर्षक वा विषयवस्तु मूल वा आधार सामग्री हुन् भने वादविवादका नमुनाहरू शिक्षण सहायक सामग्री हुन् । त्यस्तै चिठी शिक्षणका क्रममा आएका विषयवस्तु वा शीर्षक मूल वा आधार सामग्री हुन् भने चिठीका विभिन्न ढाँचा वा नमुना शिक्षण सहायक सामग्री हुन् । यसरी हेर्दा शिक्षण सहायक सामग्री भाषा शिक्षणका क्रममा साधन वा सहयोगीका रूपमा रहे पनि आधार वा मूल सामग्रको भन्दा सहायक सामग्रीको दायरा वा क्षेत्र व्यापक रहेको हुन्छ भन्न सकिन्छ ।

शिक्षण सामग्री भाषा शिक्षणका क्रममा अत्यन्तै महत्वपूर्ण सामग्रीका रूपमा आएका हुन्छन् । शिक्षण सामग्रीको कार्य मूल सामग्रीबाट स्पष्ट रूपमा बोध गर्न नसकिएका कुरालाई स्पष्ट रूपमा बुझ्न सक्ने बनाउने वा धारणा बसालिदिने हो । त्यसैले शिक्षणलाई उद्देश्यमूलक, रोचक,  उत्प्रेरक, धारणामूलक बनाई सिकाइलाई चिरस्थायी बनाउन शिक्षण सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । पाठका जटिल अंशलाई सरल ढङ्गले बुझाउन, सिकाइमा तत्परता र कक्षा सहभागिता बढाउन, अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न, कक्षालाई जीवन्तता प्रदान गर्न र शिक्षकको कार्यबोझ घटाउनसमेत शिक्षण सामग्री अति उपयोगी हुन्छन् । कतिपय शिक्षण सामग्री सहज तरिकाले प्राप्त गर्न सकिने खालका हुन्छन् भने कतिपय सामग्री धेरै प्रयत्नपछि मात्र प्राप्त गर्न सकिन्छ । दैनिक प्रयोगका सामग्री चक,मार्कर, कालो वा सेतो पाटी , डस्टर आदि, शिक्षक निर्मित सामग्री प्रतिमूर्ति, चित्र, विभिन्न किसिमका पत्ती, तालकि, रेखाचित्र आदि, सङ्कलित सामग्री पत्रपत्रिका, तस्विर, पोस्टर, बास्तविक वस्तु आदि, विद्युतीय सामग्री रेडियो, टेपरेकर्डर, टेलिफोन, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, मोबाइल, फिल्म आदि सबै शिक्षण सामग्री हुन् ।

शिक्षण सामग्री भाषाशिक्षण सिकाइका क्रममा नभई नहुने कुरा हुन् तर यस्ता सामग्रीको प्रयोग र व्यवस्थापन गर्दा विशेष ध्यान पुऱ्याउनु पर्दछ । शिक्षण  सामग्री विद्यार्थीको रूचि, तह स्तर, क्षमता, विद्यार्थी सङ्ख्या, विद्यार्थीको अनुभव, पाठगत सान्दर्भिकता, वातावरण, विषयवस्तु वा पाठ्यवस्तु र त्यसको प्रकृति आदि अनुरूप सुहाउँदो हुनुपर्दछ । यस्ता विविध पक्षमा ख्याल नगरी शिक्षण सामग्रीको प्रयोग गरिएको खण्डमा शिक्षण सिकाइमा सहयोगी हुनुको स§ा झन \बाधक बन्न; [म्भावना हुन्छ . यसमा शिक्षक अत्यन्त; {च[त / चनाखा [ बन्न सक्नुपद. छ}

## भाषा शिक्षणमा शिक्षण सामग्रीको उपयोगिता

भाषाशिक्षणका क्रममा भाषिक सीप र समझको विकासका लागि उपयोगमा ल्याइने पाठ्यपुस्तकका अतिरिक्त अन्य जुनसुकै सामग्री हुन् । भाषा आफैंमा अमूर्त विषय हो ।

यस्तो अमूर्त विषयबाट भाषिक सीप वा कलाको विकास गर्नु जटिल पक्ष नै मानिन्छ । यस्तो अवस्थामा भाषा शिक्षणमा शिक्षण सामग्रीले भाषिक सीप र समझको विकासमा साधन वा माध्यमको रूपमा का गरिरहेका हुन्छन् । भाषा शिक्षणमा शिक्षण सामग्रीविना शिक्षण गर्न असम्भव जस्तै हुन्छ । कक्षामा शिक्षकले विना सामग्री एककोहोरो मात्र बोलिरहँदा विद्यार्थीले दिक्क मान्ने तथा सिकाइप्रति रूचि नराख्ने हुन सक्छ । त्यसैले शिक्षणका क्रममा सामग्रीको समुचित प्रयागविना शिक्षण गर्ने चेष्टा गर्नु हुँदैन । शिक्षण सामग्रीको प्रयोग गरी शिक्षण गरेको खण्डमा सिकाइ उद्देश्यमूलक बन्दछ । शिक्षण सफल र प्रभावकारी बन्दछ । शिक्षण सामग्रीको प्रयोगले विद्यार्थीमा नयाँ उमङ्ग र उत्साह सिर्जना भई पाठ वा सिकाइप्रति आकर्षित हुन्छन् । शिक्षण सामग्रीको प्रयोगले थोरै समय र परिश्रमबाट पनि धेरै कुरा सिक्न र सिकाउन सकिन्छ । जटिल विषयवस्तुलाई पनि अत्यन्तै सहज तरिकाले बुझ्न बुझाउन शिक्षण सामग्री अत्यन्तै उपयोगी बन्दछन् । शिक्षण सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीमा सिक्ने तत्परता आउँछ भने कक्षा सहभागितामा पनि वृद्धि हुन्छ । कतिपय शिक्षकहरूमा भाषा शिक्षणका क्रममा शिक्षण सामग्री चाहिँदैन भन्ने गलत धारण रहेको पनि पाइन्छ । अन्य विषयको शिक्षणमा जसरी शिक्षण सामग्रीको प्रयोय गरिन्छ त्योभन्दा अझ बढी भाषा शिक्षणमा शिक्षण सामग्रीको प्रयोग अनिवार्य हुन्छ ।

भाषा आफैमा अमूर्त हुन्छ । यस्तो अमूर्त विषयलाई मूर्त रूपमा परिणत गरेर भाषिक सीप र समझको विकास गर्न शिक्षण सामग्री अत्यन्तै उपयोगी हुन्छन् । शिक्षण सामग्रीविना भाषा शिक्षण निरर्थक हुन्छ । अक्षर चिनारी, शब्दार्थ शिक्षण, व्याकरण शिक्षण  तथा विभिन्न भाषिक सीप र सुझसमझको विकासमा शिक्षण सामग्री रामवाण सावित भइदिन्छन् । भाषा शिक्षणमा आवश्यकता अनुसार मौखिक सामग्री, दृश्य सामग्रा, श्रव्यदृश्य सामग्री, स्पर्श सामग्री जस्ता शिक्षण सामग्रीको प्रयोग गरी शिक्षण गरेको खण्डमा मात्र भाषा शिक्षण साँच्चिकै भाषा शिक्षण बन्न पुग्दछ । भाषिक सीपको अभ्यास गराउन, शब्दको अर्थगत धारणा स्पष्ट पार्न, व्याकरण पक्षको ज्ञान दिलाउन, शिक्षण सिकाइ क्रियाकलापमा विविधता सिर्जना गर्न, शिद्यार्थीलाई सिकाइप्रति अभिप्ररित गर्न, शिक्षणलाई सरल,सहज र प्रभावकारी बनाउन, सिकाइलाई चिरस्थायी बनाउन, शिद्यार्थी सक्रियता बढाउन, सिर्जनात्मक तथा चिन्तन शक्तिको विकास गर्न, अमूर्त, काल्पनिक र भावात्मक विषयलाई मूर्त, यथार्थ र वस्तुपरक बनाउन शिक्षण सामग्रीले महŒवपूर्ण भूमिका खेल्ने हुनाले भाषा शिक्षणमा शिक्षण सामग्री अत्यन्तै उपयोगी बन्दछन् । “सय चोटि भनको भन्दा एक चोटि देखेको प्रभावकारी हुन्छ भन्ने भनाइ शिक्षण सामग्रीका सन्दर्भमा पूर्णतया लागु हुने देखिन्छ” (शर्मा र पौडेल : नेपाली भाषा र साहित्य शिक्षण २०६७ ) । शिक्षण सामग्रीको प्रयोगबाट विद्यार्थीको सिकाइ त प्रभावकारी बन्छ नै  यत्तिमात्र नभएर यसको प्रयोगले शिक्षकले आफ्नो शिक्षण कार्यसमेत कुशलताका साथ गर्न सक्ने भएकाले पनि भाषा शिक्षणमा शिक्षण सामग्रीको प्रयोग समुचित ढङ्गले गनै्ु आवश्यक छ ।

***भाषा शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्री : निर्माण र प्रयोग***

भाषा शिक्षणका कार्यकलाप सञ्चालनका क्रममा कक्षाकोठामा विभिन्न प्रकारका शिक्षण सामग्री प्रयोग गर्न सकिन्छ । यस्ता सामग्रीलाई विभिन्न क्षेत्र र स्थानबाट सङ्कलन गर्न सकिन्छ भने कतिपय सामग्री शिक्षक र विद्यार्थीबाट निर्माण गरी प्रयोगमा ल्यउन सकिन्छ । भाषा शिक्षणका क्रममा प्रयोग गर्न सकिने शिक्षण सामग्रीलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

### *मौखिक सामग्री*

मुखले बोलेर उपयोग गर्न सकिने सामग्रीहरू मौखिक सामग्री हुन् । भाषा शिक्षणका क्रममा प्रयोगमा ल्याइने मौखिक सामग्रीहरूमा प्रश्न र उदाहरणहरू पर्दछन् । शैक्षिक सामग्रीमा मौखिक सामग्रीअन्तर्गत प्रश्न पनि एक सामग्री हो । विद्यार्थीहरूले पाठको उद्देश्य अनुरूपको ज्ञान हासिल गर्न सके कि सकेनन् भनेर कक्षाकोठाभित्र प्रश्नहरू सोधिने गरिन्छ । यसरी प्रश्नको प्रयोग गर्दा शिक्षक र विद्यार्थीबीच अन्तर्क्रियाको अवसर सिर्जना भई घनिष्ट सम्बन्ध बढ्न जान्छ, विद्यार्थीको ध्यनाकर्षण गर्न र पाठलाई अगाडि बढाउन मद्दत मिल्दछ । । कक्षामा प्रश्न जति बढी उपयोग गर्न सक्यो त्यति नै विद्यार्थीहरूको सक्रियता बढ्ने र पाठप्रति ध्यानाकर्षण हुन्छ । यस्ता प्रश्नहरू विषयसँग सम्बन्धित, छोटा, मिठा, सरल, स्पष्ट, प्रासङ्गिक, उद्देश्यमूलक र स्तर अनुरूपका साथै वैयक्तिक भिन्नता अनुरूप हुनु आवश्यक छ ।

त्यस्तै उदाहरणबाट शिक्षण गर्दा पाठ सरल हुनका साथै विद्यार्थीहरूको सक्रिय सहभागिता पनि बढ्छ । उदाहरण दिंदा दृश्य तथा श्रव्य सामग्रीको प्रयोग गर्न सकिन्छ । पाठ अनुरुप भाव विचारलाई सामान्य भाषाबाट स्पष्ट पार्न कठिन भएमा, विभिन्न उदाहरण प्रयोग गरेर भाषा शिक्षणमा प्रष्ट पार्न सकिन्छ । त्यस्तै जिज्ञासा मेटाउन तथा धारण स्पष्ट पार्न पनि उदाहरणलाई सामग्रीको रूपमा उपयोग गर्न सकिन्छ । उदाहरण दिँदा विद्यार्थीको स्तर र अनुभव क्षेत्रलाई ख्याल गर्नुपर्दछ । उदाहरण दिँदा चाहिनेभन्दा बढी उदाहरण पनि दिनु हुँदैन जसले गर्दा स्पष्ट पार्न खोजिएको मूल कुरा ठम्याउन झन गाह्रो नपरोस् । साथै उदाहरण दिँदा कसैलाई व्यङ्ग्य र आक्षेप आउने उदाहरण भने प्रयोग गर्नु हुँदैन ।

### *दृश्य सामग्री*

आवाज नभएका आँखाले हेर्न मात्र सकिने सामग्रीलाई दृश्य सामग्री भनिन्छ । यस्ता सामग्रीबाट प्रस्तुत गर्न चाहेका कुरालाई प्रत्यक्ष रूपमा प्रस्तुत गर्न सकिन्छ । सेतो/कालो पाटी, फलाटिन पाटी, चुम्बकीय पाटी, गोजी तालिका, शब्दपत्ती, वाक्यपत्ती, चित्र, प्रतिमूर्ति, तालिका, प्रोजेक्टर आदि दृश्य सामग्री अन्तर्गत पर्ने सामग्री हुन् ।

### *सेतो/कालो पाटी*

सेतो/ कालो पाटी भाषा शिक्षणका क्रममा अत्याधिक प्रयोगमा आउने सरल सामग्री हो । यस्तो पाटी विभिन्न रङ्गमा प्रयोगमा ल्याउने गरेको पाइन्छ तापनि कालो वा सेतो पाटी सबैभनदा बढी प्रयोगमा ल्याइने गरेको पाइन्छ । कालो वा सेतो पाटी आफैं प्रस्तुत हुने

सामग्री नभई सामग्री प्रस्तुत गर्न प्रयोग गरिने साधन वा माध्यम सामग्री हो । बुँदा टिपोट गर्न, पाठ्यवस्तुलाई स्पष्ट पार्न, चित्र वा तालिका बनाएर भाषिक विषयवस्तुलाई प्रत्यक्ष र स्पष्ट रुपले शिक्षण गर्न, कठिन शब्दको उच्चारण र अर्थ स्पष्ट पार्न, वाक्यगठन सम्बन्धी अभ्यास गराउन, शब्द निर्माण प्रक्रिया देखाउन, वर्णविन्यास शिक्षण गर्न, प्रश्नोत्तर गर्न कालो वा सेतो पाटीको प्रयोग गरिन्छ । कालो पाटीमा चकले र सेतो पाटीमा मार्करले लेखेर सम्बन्धित विषयवस्तुको प्रस्तुति गरिन्छ ।

शिक्षण संस्थाका लागि नभई नहुने साधनको रूपमा सेतो वा काले पाटीलाई लिइन्छ । विभिन्न मुलुकमा आजभोलि कालो पाटीको सट्टा हरियो पाटी, सेतो पाटीको प्रयोग हुन थालिएको छ । केही ठाउँहरूमा अहिले पनि कालो पाटीको नै प्रयोग गरिरहेको छ । यी पाटीहरूको प्रयोग खास गरी उच्चारण सम्बन्धी अभ्यास गराउन, वर्णविन्यासको अभ्यास गराउन, शब्दको अर्थ र वाक्य निर्माण सिकाउन, शब्द निर्माण प्रक्रिया सिकाउन, प्रश्न सोध्न, निबन्ध तथा चिठीका ढाँचाहरू सिकाउन गरिन्छ । कालो वा सेतो पाटी निर्माण गर्दा काठ, सिमेन्ट वा स्लेट जेको पनि बनाउन सकिन्छ । कक्षाको आकार हेरी सानो, ठुलो दुबै बनाउन सकिन्छ । कक्षाकोठामा कालो वा सेतो पाटी राख्दा प्राथमिक तहको कक्षामा भुइँदेखि २८ इन्च, निम्नमाध्यमिक तहको कक्षामा भुइँदेखि ३२ इन्च र माध्यमिक तहको कक्षामा भुइँदेखि ४० इन्च माथि राखी व्यवस्थापन गर्नुपर्दछ ।

### *फलाटिन पाटी*

भाषा शिक्षणका क्रममा प्रयोग गरिने अत्यन्तै महŒवपूर्ण शिक्षण सामग्री मध्ये फलाटिन पाटी पनि पर्दछ । काठको सानो पातोमा फलाटिन वा अन्य त्यस्तै भुवादार कपडा बेरेर बनाएको शैक्षिक सामग्रीलाई फलाटिन पाटी भनिन्छ । यसमा गोजी तालिका वा कालो वा सेतो पाटीमा प्रस्तुत गर्न नमिल्ने चित्र, तस्विर, वाक्यपत्ती, तालिका सूची, मुख्य बुँदाहरू, बोधप्रश्न सूची जस्ता सामग्री प्रस्तुत गर्न फलाटिन पाटीको प्रयोग गरिन्छ ।

फलाटिन पाटी निर्माण गर्दा लम्बाइ २८-३० इन्च वा १ मिटर र चौडाइ २४- २६ इन्चसम्मको निर्माण गर्नुपर्दछ । यसलाई पातलो काठमा फलाटिन वा त्यस्तै भुवादार कपडा बेरेर झुन्ड्याउन मिल्ने गरी निर्माण गर्न सकिन्छ भने फलाटिन वा त्यस्तै भुवादार कपडालाई तलमाथि डण्डी घुसाउन मिल्ने गरी सिलाएर भुण्ड्याएर प्रदर्शन गर्न मिल्ने गरी निर्माण गर्नुपर्छ । फलाटिन पाटीको प्रयोग प्रसङ्ग आउँदा मात्र गर्नुपर्छ । प्रदर्शन गर्दा कालो वा सेतो पाटी नछोपिने गरी राख्नुपर्छ । प्रसङ्गानुसार प्रयोग गरेपछि तुरुन्त निकालेर राख्नु पर्छछ । पुरै कक्षा समयसम्म फलाटिन पाटीलाई झुण्ड्याएर राखिरहनु उपयुक्त हुँदैन ।

### *चुम्बकीय पाटी*

पछाडिपट्टि चुम्बकको पाता राखी बनाइएको पाटी चुम्बकीय पाटी हो । ती सामग्रीको पछाडिपट्टि फलामको पत्ता जडान गरिएको हुन्छ । यस पाटीमा प्रयोग गरिने सामग्रीहरू बजारमा पाइन्छन् । यस खालको पाटी भाषा शिक्षणमा प्रयोग गर्न सके निकै प्रभावकारी हुन

सक्दछ तर यस्ता सामग्रीको अपर्याप्तताका कारणले नेपाली भाषा शिक्षणमा प्रयोग हुन सकेका छैनन् र हाम्रो जस्तो देशका विद्यालयमा सबै ठाउँमा यो सामग्री उपलब्ध हुन सकेको छैन । तापनि यो अत्यन्तै व्यावहारिक सामग्री हो ।

चुम्बकीय पाटीको निर्माणमा चुम्बक र जस्तापाताको आवश्यक पर्दछ । यसको निर्माण गर्दा करिब २४ इन्च चौडाइ र ३० इन्चको चुम्बकको पाता लिएर सेतो पातलो कपडाले मोहर्न सकिन्छ । चारैतिर लिस्टी राखी झुण्ड्यायन मिल्ने गरी निर्माण गर्नुपर्छ र सन्दर्भ अनुसार प्रयोग गर्नुपर्छ ।

### *गोजी तालिका*

कुनै बाक्लो कागजमा गोजीहरू बनाई आवश्यक सामग्री प्रदर्शन गर्न मिल्ने गरी निर्माण गरिएको शिक्षण सामग्रीलाई गोजी तालिका भनिन्छ । विशेष गरी शब्दपत्ती, अर्थपत्ती, वर्णपत्ती, अक्षरपत्ती, उच्चारण पत्ती आदिको प्रदर्शनलाई अत्यन्तै सरल र प्रभावकारी बनाउन गोजी तालिकाको उपयोग महŒवपूर्ण मानिन्छ । निरन्तर रूपमा प्रयोगमा नआउने भए तापनि यसको कुशलतापूर्वक प्रयोगले शिक्षण सिकाइलाई रोचक, गतिशील र उद्देश्यमूलक बनाउन सकिन्छ । भाषा शिक्षणमा गोजी तालिकालाई पाठ सम्बन्धी अक्षर, शब्द, अर्थ र वाक्य प्रयोग जस्ता अभ्यासलाई गतिशीलता दिन प्रयोगमा ल्याइन्छ ।

गोजीतालिका निर्माण गर्दा, १८×२४ इन्चको बाक्लो कागजमा ५ इन्च चौडाइ र २ इन्च गहिराइको गोजी बनाएर टाँस्नु पर्दछ । गोजीहरूको बीचको दुरी १ जति फरक हुनुपर्छ भने चौडाइमा कम्तिमा २ इन्च छोडेर गोजी टाँस्नु पर्दछ । एक लहरमा ३/४ गोजी टाँस्दा राम्रो हुन्छ । गोजी तालिकाको प्रयोग प्रसङ्ग आउँदा मात्र गर्नुपर्छ । प्रदर्शन गर्दा कालो वा सेतो पाटी नछोपिने गरी राख्नुपर्छ । प्रसङ्गानुसार प्रयोग गरेपछि तुरुन्त निकालेर राख्नु पर्छछ । पुरै कक्षा समयसम्म गोजी तालिकालाई झुण्ड्याएर राखिरहनु उपयुक्त हुँदैन । व्यवस्थापन गरिहाल्नु पर्दछ ।

### *पत्तीहरू*

सामान्यतया ४×५ इन्च आकारका बाक्लो कागज काटी बनाइएका कागजका टुक्रालाई नै पत्ती भनिन्छ । पत्ती भन्नाले शब्दपत्ती, अर्थपत्ती, अक्षरपत्ती, वर्णपत्ती, उच्चारण पत्ती आदिलाई बुझिन्छ । शब्दार्थ शिक्षण, अक्षरको चिनारी, उच्चारण शिक्षण, वर्ण पहिचान, व्याकरणका उदाहरण र प्रयोग सम्बन्धी शिक्षण गर्दा यस्ता पत्तीहरूको उपयोग गरिन्छ ।

पत्तीहरू ४×५ इन्च आकारका टुक्रा पारी निर्माण गरिएको हुनुपर्छ । यसरी निर्माण गरिएका पत्तीमा शब्दार्थ शिक्षण गर्दा एकाट्टि शब्द र अर्कोपट्टि अर्थ लेखी पहिला शब्द देखाउने र त्यसको अर्थ स्पष्ट पार्न पछाडिपट्टिको अर्थ देखाई शिक्षण गर्दा व्यवहारिक प्रयोग भएको मानिन्छ । नेपाली भाषा शिक्षण गर्दा पत्तीहरूबाट शब्दार्थ, शब्द प्रयोग, उच्चारण र व्याकरणसम्बन्धी नियम आदि विभिन्न पाठ्यवस्तुलाई कक्षामा गतिशील भई शिक्षणलाई

रोचक, आकर्षक र प्रभावकारी बनाउने हुनाले यसको महŒव झनै बढ्दै गएको छ । यस्ता पत्तीमा लेखिने शब्द, अक्षर वर्ण भने विद्यार्थीले देख्ने गरी ठुला र स्पष्ट लेखिएको हुनु पर्दछ । यस्ता पत्तीहरूलाई  गोजीतालिकामा प्रयोग गर्न सकिन्छ ।

***चित्रहरू***

चित्रहरू भाषा शिक्षणमा व्यापक प्रयोगमा आउने शिक्षण सामग्री हुन् । यो प्रसङ्ग अनुकूल भाषिक पक्षको प्रयोग अभ्यास गराउन, विचारलाई स्पष्ट पार्न, पाठलार्य रोचक बनाउन, उपयुक्त सन्दर्भ सिर्जना गर्न, स्पष्ट धारणा बसाल्न, खास वातावरणको कुनै दृश्य वा दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण र उद्देश्यमूलक बनाउन चित्रहरू अत्यन्तै उपयोगी हुन्छन् । वास्तविक वस्तु र प्रतिमूर्ति उपयोग गर्न नसकिने अवस्थामा चित्र निर्विकल्प सामग्री हुन् । चित्रहरू शिक्षकले निर्माण गरेर, सङ्कलन गरेर वा विद्यार्थीलाई निर्माण गर्न लगाएर पनि उपयोगमा ल्याउन सकिन्छ । “चित्र आफैं बोल्छ  त्यसैले एक हजार शब्दभन्दा एउटा राम्रो चित्र  मूल्यवान् हुन्छ” ( लम्साल र अन्य, भाषा शिक्षण : २०६६) । चित्रबाट सिकाइलाई अझ बढी रोचक र चिरस्थायी बनाउन सकिन्छ । चित्रबाट शिक्षण सिकाइमा जति सरलता सहजता र स्वभाविकता प्राप्त हुन्छ त्यसको अभावमा हुँदैन । त्यसैले भाषा शिक्षणमा चित्रको प्राकृतिक भूमिका रहेको  छ । चित्र निर्माण वा सङ्कलन गर्दा भने वास्तविकता झल्किने गरी गर्नुपर्छ र चित्र सस्ता र सुलभ हुनु आवश्यक छ  । यस्ता चित्रहरूलाई फलाटिन पाटी वा चुम्बकीय पाटीमा प्रदर्शन गरिन्छ । महान् व्यक्तिको चित्र, धार्मिक, सांस्कृतिक एवम् औद्यौगिक क्षेत्रको चित्र, युद्ध वर्णन गरिएको चित्र उपयोग गर्नु भाषा शिक्षणमा उपयोगी हुन्छ ।

***वस्तु तथा प्रतिमूर्ति***

भाषा शिक्षणमा वस्तु तथा प्रतिमूर्ति पनि अत्यन्तै प्रभावकारी शिक्षण सामग्री मानिन्छन् । वस्तु भन्नाले वास्तविक वस्तु हुन् । विषयवस्तुको धारणा स्पष्ट पार्न शिक्षण सामग्रीका रूपमा वास्तविक वस्तु प्रस्तुत गर्नु ज्यादै प्रभावकारी हुन्छ । वास्तविक वस्तुले दिने धारणा चित्र तथा प्रतिमूर्तिले दिन सक्दैन ।  सबै अवस्थामा वस्तुलाई उपयोग गर्न सम्भव नहुन सक्छ । सम्भव हुने वस्तुलाई अनुकूल मिलाएर प्रयोग गर्नु उपयुक्त हुन्छ ।

वास्तविक वस्तु उपलब्ध गराउन नसकेको अवस्थामा वस्तुकै प्रतिनिधित्व हुने गरी काठ, ढुङ्गा, धातु आदिलाई कुँदेर दुरुस्त रूपमा उतरिएका सामग्री नै प्रतिमूर्ति हुन् । प्रतिमूर्ति वस्तुकै सानो नमुना हो । यस्ता प्रतिमूर्ति शिक्षकले तयार पार्न सकिन्छ नभए बजारबाट किनेर ल्याउन सकिन्छ भने विद्यार्थीलाई पनि निर्माण गर्न लगाउन सकिन्छ । जुन वस्तुलाई कक्षाकोठामा ल्याएर शिक्षणमा उपयोग गर्न सकिँदैन त्यसको प्रतिनिधित्व गर्ने प्रतिमूर्ति बनाई काम चलाउन सकिन्छ । भाषा शिक्षणमा खासगरी तल्ला लहका कक्षामा शब्दभण्डार शिक्षण र विकासका लागि, मौखिक तथा लिखित वर्णनका लागि, अपरिचित कुराको धारणा बसाल्नका लागि, पशुपंक्षीसम्बन्धी पाठहरू पढाउनका लागि जस्ता विभिन्न उद्देश्यले प्रतिमूर्तिको प्रयोग उपयोगी हुन्छ । “प्रतिमूर्ति दुरुस्त देखिने हुनाले पनि  शिक्षणमा अत्यन्तै

प्रभावशाली हुन्छन् । प्रतिमूर्ति निर्माण गर्दा कक्षाकोठामा चारैतिर देखाउन मिल्ने गरी निर्माण र प्रयोग गर्नुपर्छ” (खनिया : नेपाली भाषा शिक्षण सिद्धान्त र प्रयोग २०७५ पृ १३४) । भाषा शिक्षण गर्दा चित्रभन्दा प्रतिमूर्ति दुरुस्त देखिने हुँदा बढी प्रभावकारी हुन्छ ।

### श्रव्य सामग्री

सुन्न मात्र सहायक हुने सामग्रीलाई श्रव्य सामग्री भनिन्छ । यसलाई शैक्षिक सामग्रीअन्तर्गत नेपाली भाषा शिक्षणमा उपयुक्त सामग्री मानिन्छ । यसअन्तर्गत रेडियो, टेपरेकर्डर, ग्रोमोफोन र टेलिफोनजस्ता सामग्री पर्दछन् । श्रव्य सामग्रीलाई श्रुतिबोध, सस्वरवाचन, लय वाचन, वक्तृता, उच्चारण संवाद आदिको अभ्यास गराउनका लागि उपयोग गर्न सकिन्छ ।

### रेडियो

रेडियोबाट भाषाका शुद्ध रूपको जानकारी हुनुको साथै शुद्ध उच्चारणको अभ्यास गराउन सकिन्छ । भाषा शिक्षणमा रेडियोको भूमिका महŒवपूर्ण मानिन्छ । रेडियोबाट प्रसारित कार्यक्रम जुन समुदायले पनि सुन्न सक्दछ । त्यसैले श्रोताले ठुलो व्ययभार वहन गर्नु पर्दैन भाषा शिक्षण कार्य रेडियोबाट सुगम हुन जान्छ ।

### टेपरेकर्डर

विभिन्न प्रकारका श्रव्य सामग्रीलाई रेकर्ड गरी आवश्यकताअनुसार शिक्षार्थी सामु हुबहु प्रस्तुत गर्न यसको प्रयोग गरिन्छ । यसको प्रयोगले पाठको आवश्यकताअनुसार श्रुतिबोध, वक्तृता, सस्वरवाचन, शुद्धोच्चारण जस्ता विविध पक्षको शिक्षणमा मद्दत पुग्दछ । यसलाई चाहेको बेला खोल्न र बन्द गर्न सकिनाका साथै निश्चित काम सकिएपछि टेपलाई मेटी पुनः अर्को भर्न सकिने हुनाले यो अत्यन्त उपयोगी सामग्री मानिन्छ ।

### ग्रामोफोन

ग्रामोफोन पनि भाषा शिक्षणमा प्रयोग हुने श्रव्य सामग्री हो । यसको सहायताले कविता, एकाङ्की, संवाद, उच्चारण, सस्वरवाचन, बोलाइका विभिन्न शैली आदिको अभ्यास गराउन सकिन्छ । यो स्थायी रेकर्ड हो । बजारबाट कृत्रिम रूपमा किनेर ल्याई उपयोग गर्न सकिन्छ । यसबाट राम्ररी भाषा शिक्षण गर्न सकिने भए पनि यसको प्रयोग नेपाली भाषा शिक्षणका लागि बजारमा उपलब्ध भइसकेका छैनन् ।

### टेलिफोन

भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीकै रूपमा टेलिफोनको पनि उपयोग गर्न सक्छौं । नेपाली शिक्षणमा उच्चारण अभ्यास गराउन, श्रुतिबोधको अभ्यास गराउन, बोलाइमा प्रवाहमयता थप्ने अभ्यास गराउन आदि विभिन्न उद्देश्यका लागि टेलिफोनको उपयोग गर्न सकिन्छ । जुनसुकै समयमा पनि आफूलाई आवश्यक परेको बेलामा र चाहिएको कुराहरू सोधखोज

गरी बौद्धिक ज्ञान लिन सकिन्छ । बढ्दो सञ्चारको सुविधा र विकासले यसलाई सर्वसुलभ बनाउँदै गएको भए पनि आर्थिक दृष्टिले यो बढी खर्चालु हुन्छ ।

### *श्रव्य-दृश्य सामग्री*

सुन्न र देख्न पनि सकिने सामग्रीलाई श्रव्य-दृश्य सामग्री भनिन्छ । गतिशील चित्रहरूको प्रस्तुति नै श्रव्यदृश्य सामग्रीलाई अन्य सामग्रीबाट अलग गर्ने महŒवपूर्ण आधार हो । यसले विद्यार्थीलाई मनोरञ्जन प्रदान गर्नुको साथै शिक्षण सिकाइलाई सरल, सुगम, चिरस्थायी एवम् प्रभावकारी बनाउछ । यसअन्तर्गत निम्नलिखत सामग्रीहरू पर्दछन् :

### *चलचित्र*

विभिन्न विषयमा चलचित्रको निर्माण हुनुका साथै नेपाली भाषाका पनि विभिन्न विधाअन्तर्गत चलचित्रहरू निर्माण भएका छन् । चलचित्र देखाउँदा जुन विषयको लक्षित उद्देश्य हासिल गर्न देखाउने हो, सोसम्बन्धी विद्यार्थीलाई कक्षामा पूर्ण जानकारी दिनुपर्दछ । चलचित्रको प्रदर्शनपछि त्यसबारे केही प्रश्न गर्ने, छलफल गर्ने र उत्तर सोही चलचित्रको पृष्ठभूमिबाट दिन प्रेरित गर्नुपर्छ ।

### *टेलिभिजन*

प्रत्यक्ष रूपमा हेर्न तथा सुन्न सकिने हुनाले यसको सहायताबाट विद्यार्थीहरू उच्चारण, हाउभाउ, बोध तथा अभिव्यक्ति, वाक्यगठन आदि क्षमताको विकास गर्न सक्दछन् । टेलिभिजनको पर्दामा प्रसारित शिक्षामूलक कार्यक्रमका माध्यमबाट सिकेको कुरा उनीहरूको मस्तिष्कमा लामो समयसम्म पनि रहिरहन्छ । टेलिभिजन मनोरञ्जनको साधन भएकाले यसबाट थाहै नपाई रोचक ढङ्गले भाषिक सीप एवम् बौद्धिक ज्ञान हासिल गरिरहेका हुन्छन् ।

### *कम्प्युटर*

वर्तमान समयमा शिक्षण कार्यमा प्रयोग गर्न सकिने श्रव्यदृश्य सामग्रीहरूमा कम्प्युटर सबैभन्दा प्रभावकारी साधन हो । यसबाट भाषा, साहित्य, समाजशास्त्र, मनोविज्ञान, दर्शनशास्त्र, गणित, विज्ञान, प्रविधि लगायत संसारमा सिकाइने जुनसुकै क्षेत्र वा ज्ञान सिकाउन सकिन्छ । यसरी सबै विषय क्षेत्रको ज्ञान सिकाउन उपयोगी भए तापनि यसलाई चलाउन महिनौँसम्म तालिम लिनुपर्ने, विद्युत अनिवार्य आवश्यक हुने, महँगो हुने, दिनदिनै थपिएका नयाँ-नयाँ प्रविधिलाई कम्प्युटरमा समावेश गर्न निकै मिहिनेत गर्नुपर्ने हुनाले चनाखो हुनुपर्ने जस्ता सीमितताहरू छन् ।

### *अभिनय*

अभिनय एउटा कला भएकोले यसको माध्यमबाट नाटक प्रस्तुत गरिन्छ । कक्षामा पढाउनु पर्ने विषयवस्तुलाई पात्रहरूको निर्माण गरी अभिनयद्वारा नाटकीय रूपमा प्रस्तुत गर्दा

Shaheed Smriti Peer Reviewed Journal Year: 10, No.: 7, 2021

सिकाइ जीवन्त बन्न पुग्दछ । अन्य विभिन्न विधि सामग्रीबाट स्पष्ट हुन नसकेको कुरा नाटकीय माध्यमबाट कक्षा सञ्चालन गर्न सकेमा विद्यार्थीहरूको सहभागिता बढी हुन सक्छ र यसबाट सिर्जनात्मक क्षमताको साथसाथै अन्तनिर्हित प्रतिभाको पनि प्रस्फुटन हुन सक्छ । यसको प्रयोगले विद्यार्थीहरूमा स्वाभाविक तरिकाले बोल्ने बानीको विकास र अभिव्यक्तिको विकास हुन्छ । यसलाई भाषिक सीपअन्तर्गत सुनाइ र बोलाइ सीपको विकास गर्ने सशक्त सामग्रीको रूपमा लिन सकिन्छ ।

### ***स्पर्श सामग्री***

कतिपय अवस्थामा भाषा शिक्षण गर्दा दृश्य, श्रव्य वा श्रव्यदृश्य वा मौखिक सामग्रीको प्रयोगबाट विषयवस्तुलाई स्पष्ट पार्न  नसकिएका कुरालाई  स्पष्ट परी धारणा बसाल्न तथा भाषिक सीप हासिल गर्न यस्ता सामग्रीहरूको उपयोग गर्न सकिन्छ । जस्तैः तातो, चिसो, पिरो, अमिलो, चिल्लो, खस्रो, कडा, नरम, धारिलो, नुनिलो, गुलियो, टर्रो आदि विविध धारणा स्पष्ट पार्न यसको उपयोग गर्न सकिन्छ । खास गरी प्रथमिक तहका सुरुसुरुका कक्षा तथा दोस्रो भाषी विद्यार्थीहरूलाई भाषाका अमूर्त  पक्षमा धारणा बसाल्न यी सामग्रीहरूको उपादेयता महŒवपूर्ण सावित हुन्छ । उच्च कक्षामा भने स्पर्श सामग्रीको खासै उपादेयता देखिँदैन ।

यसरी भाषा शिक्षणका क्रममा विभिन्न प्रकारका शिक्षण सामग्रीहरूको प्रयोग गर्न सकिन्छ । यीबाहेक लेख्य सामग्रकिा रूपमा रहेका पत्रपत्रिका, सन्दर्भपुस्तक  दृश्य सामग्रीका रूपमा रहेको प्रजेक्टर, आदिलाई पनि भाषा शिक्षणमा शिक्षण सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ ।

### **निष्कर्ष**

शिक्षणलाई रोचक, प्रभावकारी  उद्देश्यमूलक र चिरस्थायी बनाउनका लागि पाठ्यपुस्तकका अतिरिक्त अन्य जुनसुकै सामग्री प्रयोग गरिन्छ ती सबै सामग्रीहरूलाई शिक्षण सामग्री भनिन्छ । शिक्षण सामग्री जुनसुकै विषयको शिक्षणको लागि पनि उत्तिकै उपयोगी हुन्छन् तापनि भाषा शिक्षणका क्रममा झनै महत्वपूर्ण बनेर देखापर्छन् । भाषा आफैंमा अमूर्त विषय भएकाले त्यसलाई मूर्त रूपमा परिणत गरेर भाषिक सीप तथा सुझसमझको विकास गर्न शिक्षण सामग्री निर्विकल्प बनेर देखा पर्दछन् । चित्र आफै बोल्छ अर्थात् हजार शब्दले बुझाउन नसकिएको कुरा एउटै चित्रले बुझाउन सक्छ भन्ने कुराबाट पनि शिक्षण सामग्रीको महत्व कति छ भन्ने कुरा प्रष्ट हुन्छ । भाषा शिक्षणमा मौखिक सामग्री, दृश्य सामग्री, श्रव्य सामग्री, श्रव्यदृश्य सामग्री, स्पर्श सामग्री जस्ता विभिन्न प्रकृतिका शिक्षण सामग्रीको प्रयोग गर्न सकिन्छ । यस्ता शिक्षण सामग्रीको प्रयोग र निर्माण  देखाउनका लागि नभएर भाषिक सुझ  सीपको विकासमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने हुनुपर्दछ । यस्ता सामग्री विद्यार्थीको रुचि तह स्तर क्षमता, भाषिक भनुभव तथा पृष्ठभूमि अनुकुलका हुनुपर्दछ । आजभोलि भाषा शिक्षणका क्रममा शिक्षकहरूले विभिन्न शिक्षण सामग्रीहरूको प्रयोग गरिएको पाइन्छ तर पनि त्यस्ता सामग्री सिकाइका लागि साधक हुनेगरी नभएर

केवल प्रयोगका लागि मात्र प्रयोग गरिएको पाइन्छ । सामग्री प्रयोगले स्पष्ट धारण बसाल्नुको सट्टा झन् भ्रम सिर्जना गर्ने खालका रहेको पाइन्छ । यस्तो हुनुमा शिक्षण सामग्रीको महत्व नबुझ्नु, बुझे पनि प्रयोग गर्न नजान्नु, सामग्री प्रयोगका सम्बन्धमा शिक्षकलाई आवश्यक तालिम नदिनु, सचेत प्रयोग नगर्नु जस्ता कारणले भाषा शिक्षण साँच्चिकै भाषा शिक्षण हुन सकेको देखिँदैन । त्यसैले शिक्षण सामग्रीको प्रयोगका सन्दर्भमा सम्बन्धित शिक्षक र शिक्षण संस्था बेलैमा सचेत भई आवश्यक व्यवस्था मिलाएर भाषा शिक्षणलाई प्रभावकारी बनाउनु अहिलेको जल्दोबल्दो आवश्यकता बनेको छ ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०६७) नेपाली भाषा शिक्षण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधव प्रसाद र रामप्रसाद गौतम (२०६५), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं : दीक्षान्त प्रकाशन ।

खनिया, बुद्धराज (२०७५), नेपाली भाषा शिक्षण : सिद्धान्त र प्रयोग, काठमाडौं : जुपिटर पब्लिकेसन ।

प्रधान, मीरा (२०६६), नेपाली भाषा शिक्षण, काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

भण्डारी पारसमणि र अन्य, (२०६८), नेपाली भाषा शिक्षण, काठमाडौं : पिनाकल पब्लिकेसन ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), नेपाली भाषा शिक्षण, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

वस्ती, शरदचन्द्र र अन्य (२०७२), शिक्षक स्रोत पुस्तिका, काठमाडौं : सिकाइ समूह ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।